# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, चैत २० गते, २०६५ साल (अतिरिक्ताङ्क ५४

## भाग ५

### नेपाल सरकार
### गृह मन्त्रालयको
### सूचना १

नेपाल सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा २ को खण्ड (क) को उपखण्ड (७) ले दिएको अधिकार प्रयोग गरी आन्तरिक सुरक्षा कार्यसंग सम्बन्धित सेवालाई आवश्यक सेवामा समावेश गरेको छ।

### सूचना २

नेपाल सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका आवश्यक सेवामा हडताल गर्न निषेध गरी यो आदेश जारी गरेको छ।

१. डाँक तार वा टेलिफोन सेवा,
२. जल, स्थल वा हवाईमार्गबाट यात्री वा मालसामानहरु ओसार पसार गर्ने यातायात सेवा,
३. हवाईअड्डा वा हवाईजहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसंग सम्बन्धित सेवा,
४. हवाई ग्राउण्ड, रेल्वे स्टेशन वा सरकारी गोदाममा मालसामान ओसार पसार गर्ने, झिक्ने वा थन्क्याउने कामसंग सम्बन्धित सेवा,
५. प्रिन्ट वा सरकारी छापाखाना सम्बन्धी सेवा।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. हातहतियार खरखजाना वा अरु कुनै सैनिक सरसामानको उत्पादन गर्ने, थन्क्याउने र वितरण गर्ने कामसंग सम्बन्धित नेपाल सरकार रक्षा व्यवस्थाको कुनै सेवा,
७. सञ्चार सेवा,
८. आन्तरिक सुरक्षा कार्यसंग सम्बन्धित सेवा
९. खानेपानीको सञ्चालन तथा वितरण सेवा
१०. पर्यटन आवास, मोटेल, होटेल, रेष्टुराँ र रिजर्ट सम्बन्धी सेवा,
११. पेट्रोलियम पदार्थ (एल.पी.ग्याँस समेत) को आयात तथा वितरण सम्बन्धी सेवा,
१२. अस्पताल, स्वास्थ्य केन्द्र र औषधि निर्माण तथा बिक्रि वितरण सम्बन्धी सेवा,
१३. फोहोरमैलाको सङ्कलन, ढुवानी, प्रशोधन स्थल निर्माण र सङ्कलन स्थल एवं व्यवस्थापन क्षेत्रसंग सम्बन्धित सेवा,
१४. बैंकिङ्ग सेवा,
१५. बीमा सेवा,
१६. बिद्युत सेवा ।

आज्ञाले,
डा. गोविन्द प्रसाद कुसुम
नेपाल सरकारको सचिव

1454



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५ ।–
गो.मु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।